अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः २२/०७७

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७७/१२/१३

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | उपस्थित |
| अधिकृत छैठौं | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक चौथो | श्री सौजन कटुवाल | उपस्थित |

*मिति २०७७ साल चैत्र १३ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु गरियो ।*

१. मिति २०७७ चैत्र ३ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

२. मिति २०७७ साल चैत्र १३ गते बसेको सर्वदलीय सर्वपक्षीय बैठकका निर्णयहरुबारे बैठकमा जानकारी गराइयो ।

३. पछिल्लो समय कोभिड १९ प्रकोपको दोश्रो चरणको संक्रमणको खतरा बढीरहेको सन्दर्भमा स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डको पालना गरी सतर्कता अपनाउन आम नगरवासीमा अपिल गर्ने र सम्भावित प्रकोप रोकथामका लागि आवश्यक पूर्व तयारी गर्न गराउन नगर कार्यपालिकको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(स्वास्थ्य शाखा)

४. यस अर्जुनधारा नगरपालिकामा रहेका अव्यवस्थित बसोवासीले ऐलेनी, पर्ती, सरकारी जग्गा उपभोग गरे बापत नगरपालिकामा बुझाउनु पर्ने वहाल विटौरी (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ को) करका सम्बन्धमा मिति २०७७/१२/०३ गतेको यस नगर कार्यपालिका बैठकबाट निर्णय भए अनुसारको कार्यान्वयनका सन्दर्भमा स्थानीय राजनैतिक दल तथा सरोकारवालाहरुबाट व्यक्त भएको चासोका सम्बन्धमा व्यापक छलफल गरियो ।उक्त दररेट अनुसार हाल सम्म करिब १५०० भन्दा बढी सेवाग्राहीहरुले कर बुझाइसकेको हुँदा उल्लेखित सुझाव अनुसार नयाँ निर्णय गरी तथ्यांक संकलन गर्ने कार्य आयोगबाट तथ्यांक संकलनका लागि तोकिएको समयसिमा अनुसार सम्भव नहुने र व्यावहारिक समेत नहुने देखिएकाले हाललाई पूर्ववत निर्णय कार्यान्वयन यथावत राख्ने र आगामी आ.व. मा उल्लेखित बहाल विटौरी करदाता मध्येका सिमान्तकृतहरुका लागि आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरु मार्फत सम्बोधन गर्न सर्वसम्मत निर्णय गरियो ।

५. अर्जुनधारा नगर कार्यपालिकाको कार्यालयमा स्थापन गरिएको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन तथा विवरण संकलन इकाईमा रही कामकाज गर्ने गरी हाललाई चालु आ.व. भरका लागि ६ जना अमिनको सेवा करारमा लिन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै, जग्गा नाँपजाँच सम्बन्धि कार्यमा सहजिकरणका लागि कार्यालयमा रहेको १ थान टोटल स्टेशनका अतिरिक्त थप १ थान टोटल स्टेशन खरिद गर्न र आगामी नगर सभाबाट बजेट समायोजन गर्ने गरी उपयुक्त शीर्षकबाट खर्च लेख्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(आर्थिक प्रशासन/जिन्सी/विवरण संकलन इकाई)

६. नेपालीहरुको महान चाड फागु पूर्णिमाको अवसरमा मिति २०७७ साल चैत्र १५ गते आइतबारका दिन यस नगरपालिका भित्रका शैक्षिक संस्थाहरुमा स्थानीय विदा दिने निर्णय गरियो ।(कर्मचारी प्रशासन/शिक्षा शाखा)

७. यस नगरपालिकाको चालु आ.व. २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत प्रत्येक वडामा ५ कि.मी. का दरले सडक स्तरोन्नति (ग्राभल) गर्नका लागि बजेट विनियोजन भएको र नगरपालिकाबाट नदीजन्य सामाग्री व्यवस्थापन गरी कार्यान्वयन गर्ने नगरपालिकाको नीति रहेकोमा नदीजन्य सामाग्री उत्खनन व्यवस्थापनका लागि प्रारम्भिक वातावरणीय प्रतिवेदन तयारीका क्रममा रहेकाले प्रतिवेदन स्वीकृत भई कार्यान्वयनमा लैजाने गरी नदिजन्य सामाग्री उत्खनन तथा ढुवानीका लागि दररेट माग गर्ने र कार्यान्वयनका लागि सबै वडामा एक एक वटा उपभोक्ता समिति गठन गर्न र

स्तरोन्नति गरिने सडकहरुको विवरण वडा समितिबाट निर्णय गरी पठाउन वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(योजना शाखा)

८. यस नगरपालिकाबाट बिरीङ टाङटिङ लगायतका नदीहरुबाट नदीजन्य सामाग्री उत्खननका लागि विभिन्न प्याकेजहरुमा ठेक्का बन्दोवस्त गरिएकोमा उक्त कार्यका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचाराधिन रहेको सन्दर्भमा सम्मानित अदालतबाट ठेक्का अवधि अगावै निर्णय भई आएमा सोही बमोजिम गर्ने तथा उक्त अवधिमा निर्णय भई नआएमा सो सम्बन्धमा आगामी नगर सभाबाट हुने निर्णयानुसार गर्न निर्णय गरियो ।(योजना शाखा)

९. यस नगरपालिकाको चालु आ.व. २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाईमा विनियोजित बजेटबाट देहायका स्थानहरुमा खानेपानी सम्बन्धि देहाय अनुसारका योजनाहरु सञ्चालन गर्न कुल लागतको ५० प्रतिशत लागत साझेदारीमा ल.ई.अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।(योजना शाखा)

| क्र.सं | वडा नं | आयोजना |
|---|---|---|
| १ | ३ | विष्णु दुलालको घर पूर्व १ थान इनार निर्माण |
| २ | ३ | रेनुका खवासको घर छेउ १ थान इनार निर्माण |
| ३ | ३ | जसबहादुर नेम्वाङ्गको घर छेउ डाँडा गाउँ १ थान इनार निर्माण |
| ४ | ३ | मदन बास्कोटाको घर छेउ इनार मर्मत |
| ५ | ३ | लटरे खोल्सीमा खानेपानीका लागि मोटर तथा पाइप विस्तार |
| ६ | २ | बगरे टोलमा खानेपानीका लागि ३ इन्चको पाइप विस्तार |

१०. अर्जुनधारा नगरपालिका वडा नं ३ मा निर्मला घिमिरेको घर छेउ खोल्सीको पानी व्यवस्थापन गरी पगला खोलामा झार्नका लागि आवश्यक NP2 90 साइजको २ थान ह्युमपाइप विनियोजित बजेटबाट वा प्रकोप व्यवस्थापन कोषबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।(योजना शाखा)

११. अर्जुनधारा नगरपालिका वडा नं ३ मा रहेको पगला खोलामा श्रीमान प्रमुखज्यू र उपप्रमुखज्यूबाट स्थलगत अनुगमन हुँदा राम महतको घरछेउमा र जुकेखाडीमा तत्काल २ ठाउँमा पुल वा कल्भर्ट नबनाएमा आगामी वर्षातको समयमा जनजीवन कष्टकर हुने देखिएको हुँदा मर्मत सम्भार कोषमा विनियोजित बजेटबाट बढिमा रु १० लाखसम्म भुक्तानी हुने गरी उपभोक्ता समिति मार्फत कार्य सम्पन्न गराउन निर्णय गरियो ।(योजना/आर्थिक प्रशासन शाखा)

१२. मिति २०७७/१२/०३ को नगर कार्यपालिका बैठकको नि.नं. ९ बमोजिम अर्जुनधारा नगरपालिका र बिर्तामोड नगरपालिकाको सिमानामा नाला निर्माणका लागि बजेट विनियोजन गरिएकोमा उक्त निर्णयमा आयोजनाको ठेगाना भुलवश अर्जुनधारा ६ उल्लेख भएकोमा सो ठेगाना संशोधन गरी अर्जुनधारा-११ कायम गर्ने निर्णय गरियो ।(योजना शाखा)

१३. नगर विकास कोष, काठमाडौंको मिति २०७७/१२/१० को पत्रबाट कोषबाट नगरपालिकाहरुमा लगानी गरिने जग्गाको स्वामित्व सुनिश्चितता भएको व्यावसायिक रुपमा आर्थिक प्रतिफलयुक्त तथा नवप्रवर्तक आयोजनाको प्रस्ताव माग भएकोमा यस अर्जुनधारा नगरपालिकाबाट वडा नं ८ को शनिश्चरे बजारबाट बिर्तामोड नगरपालिकासम्म ढल निकास सम्बन्धि आयोजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।(योजना शाखा)

१४. यस नगरपालिकाको चालु आ.व. २०७७/०७८ को स्वीकृत बजेट अन्तर्गत मर्मत सम्भारकोष शीर्षकमा विनियोजित रकमबाट देहायका आयोजनाहरुमा बजेट खर्च लेख्ने गरी आयोजना सञ्चालन गर्ने निर्णय गरियो ।(योजना/आर्थिक प्रशासन शाखा)

क. अर्जुनधारा नगरपालिका वडा नं ४ मा रहेको सिंहवाहिनी देवी मन्दिरमा शौचालय निर्माणका लागि रु १ लाख मात्र ।

ख. अर्जुनधारा नगरपालिका वडा नं ८ मा रहेको डांग्रेदेवी सेतीदेवी पाथिभरा मन्दिरमा शौचालय निर्माणका लागि रु १ लाख मात्र ।

ग. अर्जुनधारा नगरपालिका वडा नं ११ मा आयुर्वेद औषधालयको सेवा विस्तार गर्न प्रस्तावित थारु कल्याणकारी भवनमा शौचालय निर्माण कार्य ।

१५. अर्जुनधारा नगरपालिका वडा नं ४ र ५ को सिमानामा पर्ने शहिद राजन गिरी मार्गमा पर्ने पाण्डवपुर र बाँगेडाँगीको बिचमा भेन्टेड कज्वे निर्माण गर्न २०७७/१२/०३ को नगर कार्यपालिकाको बैठकको निर्णयबाट आगामी आ.व. मा भुक्तानी हुने गरी बढीमा रु १५ लाख बराबको रड सिमेण्ट खरिद गर्न बजेट उपलब्ध गराउने गरी सम्झौता आदि कार्यका लागि श्रोत सुनिश्चितता गरी कार्यालयलाई निर्देशन दिने निर्णय भएकोमा प्राविधिकको रायका आधारमा ग्याबिन व्यवस्थापन गर्ने गरी कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने गरी साविक निर्णय संशोधन गर्ने निर्णय गरियो ।(योजना शाखा)

१६. नदी क्षेत्र निर्धारण गर्ने सम्बन्धमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट निर्धारित मापदण्ड समेतका आधारमा अर्जुनधारा नगरपालिका अन्तर्गतका ठुला नदिहरुको परापूर्वकालदेखिको किनारबाट (वर्षातको बाढिले कायम गरे बाहेकको) ३० मिटर क्षेत्र तथा अन्य स साना नदिहरुको किनारबाट ५ मिटर क्षेत्रका भागहरुलाई नदिक्षेत्र कायम गरी सो क्षेत्र भित्र पर्ने ऐलेनी पर्ति जग्गाहरुको हकभोगको निस्सा उपलब्ध नगराउन वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।(वडा कार्यालयहरु)

१७. यस नगरपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको तथ्यांक संलकनका लागि सामुदायिक विद्यालयका ३७ जना शिक्षकहरुलाई पहिलो ५ दिन दैनिक रु १००० का दरले र बाँकी दिनमा प्रत्येक वडामा १ जना शिक्षकलाई दैनिक रु ५०० का दरले खाना खाजा तथा यातायात खर्च उपलब्ध गराउने गरी तथ्यांक संकलकको रुपमा खटाइएकोमा उक्त अवधिमा संकलित तथ्यांक विश्लेषण गर्दा एउटा वडामा एक जना मात्र तथ्यांक संकलक खटाउँदा निर्धारित अवधिमा तथ्यांक संकलनको कार्य नसकिने देखिएको हुँदा निर्धारित समय भित्रै तथ्यांक संकलनको कार्य सम्पन्न गर्न संकलनको पहिलो १० दिन पछि खटिने सबै तथ्यांक संकलकलाई प्रति फाराम रु ५० का  का दरले यातायात तथा खानाखाजा खर्च उपलब्ध गराउने गरी आवश्यक मात्रामा तथ्यांक संकलन खटाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१८. नगर कार्यपालिकाको बैठकबाट हुने निर्णयको कार्यान्वयनका सम्बन्धमा सबै शाखा तथा वडा कार्यालयहरुले कार्यालयको वेभसाइटबाट निर्णय प्राप्त गरी यथाशिघ्र कार्यान्वयनमा लैजानका लागि कार्यालय मार्फत सबै शाखा तथा वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।